# गौरी महिला सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. ३, बर्दिया

## सिकाकाई फल डाँक बढाबढ प्रक्रियाद्धारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०३/२२ गते सोमबार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ४३७३ मिति २०८३/०१/१५ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको सिकाकाई फल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी डाँक बढाबढ प्रक्रियाद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित ईच्छुक व्यक्ति वा फर्मले नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी सहित रु.१०।- को टिकट टाँसी मिति २०८३/०४/०१ गते शुक्रबारको दिनको १२:०० बजे सम्म दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| लट नं. | घाटगद्धी स्थान | क्र. सं. | जात | थान | परिमाण (के.जी.) | दर रु. | न्यूनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| BA/13/06-a01-01-2083/03/20-S | समूहको घाटगद्धीमा | १ | सिकाकाई फल | १३९(बोरा) | ४८६५ | ४.० | १९४६०.० | संकलन खर्च रु २५।- प्रति के.जी. |

शर्त तथा नियमहरुः

१) निवेदन दर्ता गर्ने अन्तिम मिति र समय
क) अन्तिम मितिः २०८३/०४/०१ गते शुक्रबार  ख) समयः मध्यान्ह १२:०० बजे सम्म

२) डाँक बढाबढ हुने मिति र समय
क) अन्तिम मितिः २०८३/०४/०१ गते शुक्रबार  ख) समयः मध्यान्ह १२:३० बजेदेखि

३) डाँक बढाबढ न्यूनतम मूल्यबाट शुरु गरिनेछ। कटानमुछान सहितको सङ्कलन वापतको रकम छुट्टै बुझाउनु पर्नेछ।

४) लिलाम सकार गर्न डाँक बोल्ने सबैले डाँक बोल्नु पूर्व न्यूनतम मूल्य रु. १९४६०.० को १० प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्नेछ। डाँक अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्नेछ।

५) लिलाम स्वीकृत गर्ने नगर्ने अधिकार यस समुहमा निहित रहनेछ।

६) लिलाम बढाबढ हुने गैरकाष्ठ वन पैदावार कार्यालय खुलेको समयमा कार्यालयमा आई हेर्न सकिनेछ।

७) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ७ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धी कर र सङ्कलन खर्च समेत बुझाई सक्नुपर्नेछ।

८) अन्य आवश्यक कुराहरु कार्यालयले मुनासिब तोके बमोजिम हुनेछ ।

# शारदाको जर्खु र खैरावाङ लिफ्ट खानेपानीको काम तीव्र





**नन्दराम जैशी**
*सुर्खेत, २१ असार*

सल्यानको शारदा नगरपालिकाका अधिकांश बस्तीमा वर्षौंदेखि पानीका लागि संघर्ष गर्नुपर्ने बाध्यता छ। अधिकांश बस्तीका महिलाहरू बिहान उज्यालो नहुँदै गाग्री बोकेर मुहानतिर लाग्छन्, अनी घण्टौं लाइन बसेर एक गाग्री पानी ल्याउनुपर्ने बाध्यता छ।

गर्मीयाममा झन् चर्किने खानेपानी अभाव यहाँका नागरिकका लागि सामान्य जीवनशैलीजस्तै बनिसकेको थियो। तर अहिले शारदा नगरपालिकामा पानीको कथा बदल्ने प्रयास भइरहेको छ। दुर्गम भौगोलिक अवस्थाबीच लिफ्ट प्रविधिमार्फत पानी घर-घर पुऱ्याउने महत्वाकांक्षी योजना तीव्र गतिमा निर्माण भइरहेका छन्। यी आयोजना हुन्, जर्खु र खैरावाङ लिफ्ट खानेपानी आयोजना। यी आयोजना सम्पन्न भएपछि नगरका झण्डै १७ हजार नागरिकले पहिलो पटक नियमित, सुरक्षित र दिगो खानेपानी सेवा प्राप्त गर्ने अपेक्षा गरिएको छ।

शारदा नगरपालिकाको भौगोलिक बनावट नै खानेपानी व्यवस्थापनको सबैभन्दा ठूलो चुनौती रहेको नगरप्रमुख प्रकाश भण्डारीले बताए। उनका अनुसार निर्वाचित भएदेखि नै सबै नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउने लक्ष्यका साथ ठूला र साना लिफ्ट खानेपानी आयोजना अघि बढाइएको हो। आगामी एक वर्षभित्र नगरका सबै नागरिकलाई सुरक्षित खानेपानीको पहुँचमा ल्याउने लक्ष्य राखिएको उनले बताए।

'अधिकांश बस्ती नदी र मुहानभन्दा धेरै माथि रहेका कारण परम्परागत गुरुत्वाकर्षण प्रणालीबाट पानी पुऱ्याउन सम्भव छैन। यही कारण नगरले लिफ्ट प्रविधिलाई दीर्घकालीन समाधानका रूपमा रोजेको हो,' उनले भने, 'संघीय खानेपानी मन्त्रालयअन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन विभागमार्फत कार्यान्वयन भइरहेको जर्खु लिफ्टिङ खानेपानी आयोजना अहिले नगरकै सबैभन्दा ठूलो पूर्वाधार परियोजनामध्ये एक हो।'

करिब ४२ करोड रूपैयाँ लागतको यो आयोजनाले नगरका वडा नम्बर ४, ५, ६, ८, ९ र १० सहित सात वडाका दुई हजार ६८५ घरधुरीका १० हजार ७४० नागरिकलाई प्रत्यक्ष लाभ पुऱ्याउने नगरपालिकाले जनाएको छ। हालसम्म आयोजनाको ३५ प्रतिशत भौतिक प्रगति सम्पन्न भइसकेको आयोजना कार्यान्वयन इकाईका परियोजना व्यवस्थापक दीपक महर्जनले बताए।

उनका अनुसार वडा नम्बर १० स्थित जर्खु मुहानबाट पाँच चरणमा लिफ्ट प्रविधिको प्रयोग गरी पानी सिद्धपार्कमा निर्माणाधीन चार लाख लिटर क्षमताको मुख्य ट्याङ्कीमा पुऱ्याइनेछ। त्यहाँबाट वितरण प्रणालीमार्फत प्रत्येक घरधुरीसम्म पानी पुग्नेछ। मुहानदेखि मुख्य ट्याङ्कीसम्म ५.५ किलोमिटर उच्च गुणस्तरको डीआई पाइप बिछ्याइँदैछ। त्यही मार्गमा पाँच स्थानमा दुई-दुई लाख लिटर क्षमताका मध्यवर्ती ट्याङ्की निर्माण भइरहेका छन्।

घर-घर पानी पुऱ्याउन ९९ किलोमिटर पाइप सञ्जाल विस्तार गरिने योजनामध्ये ४२ किलोमिटर पाइप बिछ्याइसकिएको महर्जनले बताए। आयोजनाले ११ केभी विद्युत् प्रयोग गरी प्रतिक्षण ११ लिटर पानी लिफ्ट गर्ने लक्ष्य लिएको उनको भनाइ छ।

यस्तै जर्खु आयोजनाले नसमेटिएका वडा नम्बर १, ११ र १२ का नागरिकका लागि अर्को ठूलो योजना पनि अघि बढेको छ। २५ करोड ४३ लाख रूपैयाँ लागतको खैरावाङ सामुदायिक खानेपानी आयोजना गत वैशाखदेखि निर्माणाधीन छ। आगामी २०८४ भदौसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको यो आयोजनाको हालसम्म १२ प्रतिशत भौतिक प्रगति भएको छ।

वडा नम्बर १ स्थित शारदा नदी किनारमा बोरिङ गरी करिब साढे पाँच किलोमिटर पाइपमार्फत मुख्य ट्याङ्कीमा पानी पुऱ्याइनेछ। त्यसपछि ५२ किलोमिटर वितरण सञ्जालमार्फत एक हजार १९९ घरधुरीका ६ हजार ५३८ नागरिकलाई नियमित खानेपानी सेवा उपलब्ध गराउने तयारी छ।

**तीन तहको साझेदारी, विश्व बैंकको साथ**

यी आयोजना संघीयता कार्यान्वयनपछि तीनै तहका सरकारको लागत साझेदारीमा निर्माण भइरहेका नमुना परियोजनाका रूपमा पनि हेरिएका छन्। जर्खु आयोजनामा ८० प्रतिशत संघीय सरकार, १३ प्रतिशत कर्णाली प्रदेश सरकार र सात प्रतिशत शारदा नगरपालिकाको लागत साझेदारी रहेको छ। नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३-८४ मा खानेपानी तथा सरसफाइ क्षेत्रमा मात्रै ४५ करोड ७२ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छ।

कर्णाली प्रदेश सरकारले पनि जर्खु तथा भेरी लिफ्ट खानेपानी आयोजनाका लागि ३० करोड रूपैयाँ बजेट व्यवस्था गरेको छ। यी आयोजना विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोगमा सञ्चालित खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग कार्यक्रमअन्तर्गत कार्यान्वयन भइरहेका छन्। आर्थिक वर्ष २०७८-०७९ देखि सुरु भएको यो कार्यक्रम कर्णाली र सुदूरपश्चिम प्रदेशका ६ स्थानीय तहमा लागू छ। यसको कूल लागत एक सय मिलियन अमेरिकी डलर रहेको छ, जसमध्ये ८० मिलियन अमेरिकी डलर विश्व बैंकको सहुलियतपूर्ण ऋणका रूपमा लगानी भइरहेको छ।

खानेपानी आयोजनाले नागरिकको स्वास्थ्य, शिक्षा, समय व्यवस्थापन, सरसफाइ र आर्थिक उत्पादनशीलतासँग प्रत्यक्ष सम्बन्ध राख्ने नगरपालिकाले जनाएको छ। विशेषगरी महिलाले दैनिक पानी बोक्न खर्च गर्ने समय बच्नेछ। विद्यालय जाने बालबालिकाले पानी ल्याउनुपर्ने बाध्यताबाट मुक्ति पाउनेछन् भने सुरक्षित खानेपानी उपलब्ध हुँदा पानीजन्य रोगसमेत घट्ने अपेक्षा गरिएको छ।

नगर प्रमुख भण्डारीका अनुसार पछिल्ला चार वर्षमा शारदा नगरपालिकामा खानेपानी क्षेत्रमा मात्रै एक अर्ब रूपैयाँभन्दा बढी लगानी भइसकेको वा निर्माणाधीन अवस्थामा रहेको छ। सीमित स्रोत-साधनका बीच पनि शिक्षा, स्वास्थ्य, कृषि र खानेपानीलाई प्राथमिकतामा राखेर लगानी बढाइएको बताउँदै अबको एक वर्षभित्र नगरका सबै नागरिकलाई स्वच्छ तथा दिगो खानेपानी सेवाको पहुँचमा पुऱ्याउने उनले विश्वास व्यक्त गरे।

उनले भने, 'यदी निर्माण कार्य निर्धारित समयमै सम्पन्न भयो भने, वर्षौंदेखि गाग्री बोकेर पानी खोज्दै हिँड्न बाध्य शारदावासीका लागि यो पूर्वाधार निर्माणको उपलब्धि हुनेछैन, जीवनशैली परिवर्तन गर्ने ऐतिहासिक मोड पनि सावित हुनेछ।'

# जगदुल्लामा बाढीले एकको मृत्यु, ६ घाइते



**मिसन संवाददाता**
*वीरेन्द्रनगर, २१ असार*

डोल्पाको जगदुल्ला गाउँपालिका-५ गैरीगाउँमा आइतबार बिहान आएको भीषण बाढीमा परी एक महिलाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन्। घाइतेमध्ये गम्भीर अवस्थामा रहेकी ४४ वर्षीया रेउली विकलाई नेपाली सेनाको हेलिकप्टरमार्फत थप उपचारका लागि प्रदेश अस्पताल सुर्खेत ल्याइएको छ।

डोल्पाका प्रमुख जिल्ला अधिकारी जुनु हमाल ढकालका अनुसार गृह मन्त्रालयको समन्वयमा गम्भीर घाइते रेउली विकको हवाई उद्धार गरी सुर्खेत पठाइएको हो। निरन्तरको वर्षापछि धुलाखोला तथा आसपासका खोल्सामा हिलोमाटोसहितको बाढी आइतबार बिहान करिब ३ बजे गैरीगाउँमा पसेको थियो। स्थानीयवासी सुतिरहेको समयमा आएको बाढीले घरहरूमा क्षति पुऱ्याउनुका साथै मानिसहरूलाई बगाएको हो।

जिल्ला प्रहरी कार्यालय डोल्पाका अनुसार बाढीमा परी स्थानीय अन्दाजी ५६ वर्षीया आनन्दी विकको मृत्यु भएको छ। घाइते अवस्थामै उनको उद्धार गरी उपचारका लागि स्वास्थ्य चौकी पुऱ्याइए पनि चिकित्सकले मृत घोषणा गरेका थिए।

घटनामा वर्ष ५० की चाउरी विक, वर्ष ४४ की रेउली विक, वर्ष ४८ का विष्णु विक, वर्ष १५ की निरुता विक, वर्ष १३ की सीता विक र र वर्ष ६५ का जस विक घाइते भएका छन्। उनीहरूको प्रारम्भिक उपचार स्थानीय झ्याकोट स्वास्थ्य चौकीमा गरिएको प्रहरीले जनाएको छ। घाइतेमध्ये रेउली विकको अवस्था गम्भीर भएपछि थप उपचारका लागि हवाई उद्धार गरिएको हो।

स्थानीयका अनुसार बाढीको तीव्र बहावले पीडितहरूलाई करिब १५ देखि १६ मिटर तलसम्म बगाएको थियो। जसका कारण उनीहरूको ढाड, टाउको तथा शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको छ।

घटनालगत्तै प्रहरी चौकी माझगाउँबाट प्रहरी सहायक निरीक्षकको नेतृत्वमा पुगेको टोलीले स्थानीयवासीको सहयोगमा उद्धार अभियान सञ्चालन गरेको थियो। त्यसपछि जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षकको नेतृत्वमा थप पाँच जना प्रहरी, नेपाली सेनाका १० जना र सशस्त्र प्रहरी बलका ११ जना सुरक्षाकर्मी घटनास्थलतर्फ परिचालन गरिएको थियो।

जिल्ला प्रशासनका अनुसार बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिको विस्तृत विवरण संकलन गर्ने, प्रभावित क्षेत्रको अवस्था मूल्यांकन गर्ने तथा थप उद्धार र राहत वितरणको कार्य जारी रहेको छ।

# ग्याबिनले जोगायो पहिरोको त्रास

**मिसन संवाददाता**
*हुम्ला, २१ असार*



जिल्लाको खार्पुनाथ गाउँपालिका-५ को बाम्टा गाउँस्थित दलित बस्तीका स्थानीयलाई वर्षायाम सुरु हुनासाथ रातभर निद्रा नपर्ने बानी परेको थियो। आकाशमा बादल मडारिनासाथ पहाडबाट ढुंगा र माटो खस्ने डरले उनीहरू घरभन्दा बाहिरको सुरक्षित ठाउँ खोज्थे।

यो बस्तीमा भिरालो जमिनमा पुस्तौंदेखि बनेका घरहरू पहिरोको जोखिममा पर्दै आएका थिए। तर अहिले त्यही बस्तीमा राहतको महसुश गरिएको छ। घरको छेउमै बलियो ग्याबिन पर्खाल निर्माण भएपछि ५२ घरधुरी रहेको सिंगो दलित बस्तीमा नयाँ आशा पलाएको छ।

पहिरोको उच्च जोखिममा रहेको बस्तीलाई सुरक्षित बनाउन घरसँगै जोडिने गरी ग्याबिन निर्माण गरिएको हो। यसले वर्षौंदेखि स्थानीयले भोग्दै आएको त्रास कम हुनुका साथै बस्तीको दीर्घकालीन सुरक्षा सुनिश्चित गर्ने अपेक्षा गरिएको छ। स्थानीय बाँचबहादुर सुनारका अनुसार बस्तीका अधिकांश घर पुराना र भिरालो जमिनमा बनेका छन्। सामान्य वर्षा हुँदा पनि जमिन चर्किने, ढुंगा झर्ने र पहिरो खस्ने समस्या दोहोरिने गरेको थियो। त्यसैले प्रत्येक वर्षाको मौसम उनीहरूका लागि प्राकृतिक विपत्तिसँगको संघर्षजस्तै बन्ने गरेको थियो।

'भिरालो जमिनमा बनेका पुराना घर आफैं जोखिममा थिए। त्यसमाथि पहिरो खस्न थालेपछि झन् असुरक्षित महसुस हुन्थ्यो,' उनले भने, 'अहिले ग्याबिन बनेपछि कम्तीमा राति ढुक्कसँग सुत्न सक्ने अवस्था बनेको छ।'

हुम्लाजस्ता हिमाली जिल्लामा भौगोलिक बनावटका कारण बस्तीहरू प्रायः भीर, खोल्सा र पहिरोको जोखिमयुक्त स्थानमा रहेका छन्। विशेषगरी आर्थिक रूपमा कमजोर र सीमान्तकृत समुदायका परिवारहरू सुरक्षित स्थानमा बसोबास गर्न नसक्दा प्राकृतिक विपत्तिको सबैभन्दा ठूलो मार उनीहरूले नै खेप्नुपरेको छ।

बाम्टा गाउँको दलित बस्ती पनि त्यही वास्तविकताको एउटा उदाहरण हो। यसअघि बर्सेनि पहिरोले घर वरपरको जमिन कटान गर्ने, गोठ र खेतबारीमा क्षति पुऱ्याउने तथा बस्ती नै विस्थापित हुने खतरा बढाउने गरेको थियो। कतिपय परिवारले वर्षाको समयमा घर छाडेर आफन्तकहाँ बस्नुपर्ने बाध्यता समेत भोग्दै आएका थिए।

स्थानीय पूर्वाधार सहयोग कार्यक्रमअन्तर्गत सञ्चालन गरिएको योजनामार्फत ग्याबिन निर्माणको काम सम्पन्न गरिएको हो। कार्यक्रमका इन्जिनियर उजिरा रावतका अनुसार निर्माण सामग्री, प्राविधिक व्यवस्थापन र स्थलगत कामका लागि ८२ लाख ७० हजार रूपैयाँ बजेट विनियोजन गरिएको थियो। ग्याबिन संरचनाले पहिरोको जोखिम न्यूनीकरण, जमिन कटान रोकथाम तथा बस्तीको दीर्घकालीन संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने उनले विश्वास व्यक्त गरे।

'प्राकृतिक जोखिमसँग जुधिरहेका दुर्गम बस्तीहरूमा यस्ता पूर्वाधार निर्माणलाई निरन्तरता दिन सके धेरै बस्ती विस्थापनको जोखिमबाट जोगिन सक्छन्,' उनले भने, 'हिमाली जिल्लामा जलवायु परिवर्तनसँगै प्राकृतिक विपत्तिको जोखिम बढिरहेका बेला बाम्टा गाउँको दलित बस्तीमा निर्माण गरिएको ग्याबिनले अन्य बस्तीलाई पनि यसरी नै सुरक्षित हुन सकिन्छ भन्ने सन्देश दिएको छ।'

समयमै गरिने सानो पूर्वाधार हस्तक्षेपले पनि दर्जनौं परिवारको जीवन, सम्पत्ति र भविष्य सुरक्षित बनाउन सक्ने उनले बताए। अहिले उक्त बस्तीमा पहिरोको त्रासभन्दा सुरक्षित आगामी दिनको आशा बढी देखिन थालेको छ।

# दैलेख पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा

**मिसन संवाददाता**
*दैलेख, २१ असार*

जिल्लालाई पूर्ण खोप सुनिश्चितता, निरन्तरता तथा दिगोपना कायम भएको जिल्ला घोषणा गरिएको छ। आइतबार आयोजित विशेष समारोहबीच जिल्लालाई औपचारिक रूपमा पूर्ण खोप सुनिश्चितता जिल्ला घोषणा गरिएको हो।

जिल्लाका स्थानीय तह, स्वास्थ्य कार्यालय, सरोकारवाला निकायका प्रतिनिधि तथा कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीको उपस्थितिमा घोषणा सभा सम्पन्न भएको थियो। कार्यक्रममा सहभागी वक्ताहरूले बालबालिकाको नियमित खोप सुनिश्चित गर्न सबै तहको समन्वय र निरन्तर निगरानी आवश्यक रहेकोमा जोड दिएका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै सामाजिक विकासमन्त्री भण्डारीले खोप कार्यक्रमको दिगोपना कायम राख्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए। पूर्ण खोप सुनिश्चितता घोषणा अन्तिम उपलब्धि नभई त्यसलाई निरन्तर कायम राख्ने जिम्मेवारी अझ महत्वपूर्ण रहेको उनले उल्लेख गरे।

मन्त्री भण्डारीले दैलेखको स्वास्थ्य सेवा विस्तारलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको जानकारी दिँदै दैलेख अस्पतालबाट निकट भविष्यमै मिर्गौला डायलासिस सेवा सञ्चालनमा ल्याइने बताए। उनका अनुसार उक्त सेवा सञ्चालनमा आएपछि मिर्गौला रोगबाट पीडित जिल्लावासीलाई उपचारका लागि बाहिरी जिल्लामा धाउनुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ।

'आगामी दिनहरूमा दैलेख अस्पतालबाट मिर्गौला डायलासिस सेवा शुभारम्भ गर्ने तयारी भइरहेको छ,' मन्त्री भण्डारीले भने, 'मिर्गौला रोगको समस्या भएका नागरिकलाई सहज उपचार उपलब्ध गराउन अस्पतालको स्तरोन्नतिमा सरकारको विशेष ध्यान केन्द्रित छ।'

अस्पतालको भौतिक पूर्वाधार निर्माणमा निर्माण व्यवसायीको ढिलाइका कारण अपेक्षाअनुसार प्रगति हुन नसकेको स्वीकार गर्दै बाँकी निर्माण कार्य शीघ्र सम्पन्न गरी स्वास्थ्य सेवा थप व्यवस्थित बनाउने उनले प्रतिबद्धता व्यक्त गरे। पूर्ण खोप सुनिश्चितता घोषणालाई बालबालिकाले सरकारले तोकेको सबै नियमित खोप समयमै प्राप्त गरेको सुनिश्चिततासँगै आगामी दिनमा पनि खोप कार्यक्रमलाई निरन्तर प्रभावकारी रूपमा सञ्चालन गर्ने प्रतिबद्धताको रूपमा लिने गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनी विशेष दर्ता खारेजी गरीएको सुचना**

यस कार्यलयमा मिति २०७६।०४।१४ मा दर्ता भएको हिमालयन इन ट्रेक्स प्रा.लि (प्रा.लि.नं. २१९९६१) नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागी ३० दिन भित्र यस कार्यलयमा दावी गर्न आउनु हुन सम्बन्धीत सबैको जानकारी लागी यो सुचना प्रकाशित गरीएको छ। तोकीएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिने छ।

**लिक्वीडेटर कार्यालयको हकदाबी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७।१०।०५ मा दर्ता भएको (प्रा.लि.नं.२५३०८६) यूनिटी एग्रीकल्चर कम्पनी नेपाल प्रा.लि. को मिति २०८३।०३।२१ मा सम्पन्न विषेश साधारण सभाले कम्पनी ऐन २०६३ दफा १२६ बम्मोजीम कम्पनीलाई स्वेच्छिक खारेजीमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कसैको लेनदेन हकदाबी केही भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र प्रमाण सहित हकदावीको लागि लिक्वीडेटरको कार्यालयमा सर्म्पक गर्नु होला अन्यथा कम्पनी खारेज भै गएमा कुनै प्रकारको उजुर बाजुर नलाग्ने व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**श्री बिशेश्वर प्रसाद ढकाल**
दामासाही ब्यबसायी
लिक्वीडेटरको कार्यालय, काठमाण्डौ
प्र.प.नं.६१४ (फोन नं. ९८५१०९९२७७)

**डाँक बढाबढ प्रक्रियाद्धारा लिलाम बिक्रीको कार्यतालिका सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति: २०८३/०३/२० गते शनिबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम सहमति अनुसार यस समूहमा रहेको सिकाकाई फल थान १३९ को ४८६५ कि.ग्रा. यस समुहबाट श्रावण महिनाको पहिलो शुक्रबारका दिन डाँक बढाबढ प्रक्रियाद्वारा लिलाम बिक्री हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**गौरी महिला सा.व.उ.स.**
**मधुवन-३, बर्दिया**

**साधारण सभा तथा नगर सम्मेलन सम्बन्धी सूचना**

नेपाल घरेलु तथा साना उद्योग महासंघ कोहलपुर नगर समितिको तेस्रो अधिवेशन एवमं छैठौं साधारण सभा तथा महिला उद्यमी समितिको तेस्रो नगर सम्मेलन मिति २०८३ श्रावण १६ गते शनिबार कोहलपुर नगरपालिका वडा नम्बर ११ प्रेमनगर स्थित महासंघ कार्यालयको प्राङ्गणमा गर्ने निर्णय भएको छ। दुबै कार्यसमितिको मिति २०८३ आषाढ १२ गते को निर्णय अनुसार सदस्यता नविकरण गर्न बाँकी तथा नयाँ सदस्यता लिन ईच्छुक कोहलपुर नगर क्षेत्र भित्रका उद्यमी ज्यूहरुले मिति २०८३ आषाढ मसान्तभित्र आफ्नो सदस्यता लिई सहयोग गरी दिनु हुन समेत हार्दिक अनुरोध छ।

**नेपाल घरेलु तथा साना उद्योग**
**महासंघ- कोहलपुर नगर समिति एवं महिला उद्यमी समिति कोहलपुर, बाँके**
**सम्पर्क मो.नं.: ९८५८०४१५७१, ९८५८०३६३७९**

**भूमि प्रशासन कार्यालय**
**नेपालगन्ज, बाँके**
**हकदावी सम्बन्धी ३५ दिने सूचना**

**प्रकाशित मिति-२०८३।०३।२२**

प्रस्तुत विषयमा बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा. वडा नं. १६ बस्ने श्री लतिफ अहमद कवडियाले मेरो नाममा दर्ता कायम रहेको जयसपुर गा.वि.स. वडा नं. १क र १ को तपसिलमा उल्लेखित कि.नं. को जग्गाहरूको सक्कल पुर्जा हराएको उक्त जग्गाहरूको श्रेस्ता मिति २०८२।०५।२३ र २४ गतेको आन्दोलनमा आगलागी भई नष्ट भएको हुँदा नष्ट भएको श्रेस्ता कायम गरी जग्गाधनी प्रमाण पुर्जा प्रतिलिपीको लागि भूमि प्रशासन कार्यालय नेपालगञ्ज बाँकेमा गई मोठ भिडाउँदा मोठ फाँटबाट L.R.I.M.S प्रणालीमा इन्ट्री नभएको भनी कैफियत लेखि आएकोमा तपसिलमा उल्लेखित कि.नं. को जग्गाहरू L.R.I.M.S. प्रणालीमा इन्ट्री गरी म निवेदकको नाममा श्रेस्ता कायम गरी जग्गाधनी प्रमाण पुर्जा प्रतिलिपी उपलब्ध गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेकोमा। तपसिलमा उल्लेखित कि.नं. को जग्गाहरू यस कार्यालयको L.R.I.M.S. प्रणालीमा इन्ट्री गरी निवेदकको नाममा श्रेस्ता कायम हुँदा उक्त जग्गामा निवेदक बाहेक अन्य कोही कसैको हक भोग लाग्ने भए वा निवेदकको माग अनुसार गर्न नपर्ने भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुद प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षे.फ. | जग्गाधनी |
|---|---|---|---|---|---|
| बाँके | जयसपुर | १क | २५९ | ०-०-१५ | लतिफ अहमद कवडिया |
| बाँके | जयसपुर | १ | २८९ | ०-०-९ | लतिफ अहमद कवडिया |